# नेपाल सरकार

# शिक्षक सेवा आयोग

## माध्यमिक तह, तृतीय श्रेणी शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षा

## विषयगत परीक्षा-२०८१

**तह : माध्यमिक** | **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा** | **उत्तीर्णाङ्क ४०**

**विषय नेपाली**

**सबै प्रश्नहरु अनिवार्य छन् । प्रत्येक खण्डका लागि बेग्लाबेग्लै उत्तरपुस्तिका प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तर पुस्तिका रद्द हुनेछ ।**

### खण्ड -क

| | |
|---|---|
| **१.** नेपाली भाषाका कथ्य र लेख्य वर्णका भिन्नता देखाउनुहोस् । "शिक्षण सिकाइ सरलबाट जटिलतर्फ हुनुपर्छ" भन्ने मान्यताका आधारमा वर्ण शिक्षण कसरी गर्नुपर्छ ? सोदाहरण शिक्षण कार्यकलापहरु प्रस्तुत गर्नुहोस् । | ५+ ५ |
| **२.** संरचनाका आधारमा नेपाली भाषाका वाक्यहरुलाई चिनाउँदै भाषा शिक्षणमा वाक्य रचना शिक्षणको आवश्यकता र औचित्य बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् । | ५+ ५ |
| **३.** बोध र अभिव्यक्ति शिक्षणका लागि उपयुक्त विधागत स्वरूप र सिकाइ कार्यकलाप उल्लेख गर्नुहोस् । साथै कुनै एक शीर्षकमा एउटा अलङ्कारिक अनुच्छेद तयार पार्नुहोस् । | ४+ २+ ४ |
| **४.** भाषिक सिप विकासका लागि साहित्यिक विधा शिक्षणको औचित्य बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् र माध्यमिक तहको नेपाली विषयको पाठ्यपुस्तकमा समाविष्ट कुनै एउटा कथा शिक्षणका लागि नमूना पाठयोजना तयार पार्नुहोस् । | ५+ ५ |
| **५.** भाषिक सामर्थ्य सम्पादन सम्बन्धी नोम चोम्स्की (Noam Chomsky) को अवधारणा स्पष्ट पार्दै भाषा कक्षामा यसको उपयोग कसरी गर्न सकिन्छ, उदाहरण सहित विश्लेषण गर्नुहोस् । | ५+ ५ |

..........................................................................................................

### खण्ड -ख

| | |
|---|---|
| **६.** भाषा सिकाइमा वर्णविन्यास शिक्षणको महत्व दर्शाउनुहोस् । नेपाली भाषामा वर्णविन्यासको मानकीकरणका प्रयासहरु मध्ये हलन्त बहिष्कार र झरोवादी आन्दोलनको भूमिका उल्लेख गर्नुहोस् । | ४+ ६ |

| | |
|---|---|
| **७.** समालोचनाको सैद्धान्तिक अवधारणा प्रस्ट पार्नुहोस् । समालोचक मोतिराम भट्ट र तारानाथ शर्माका समालोचकीय प्रवृत्तिबारे तुलनात्मक मूल्याङ्कन गर्नुहोस् । | **२+ ८** |
| **८.** साहित्यिक विधा, व्याकरण, भाषिक सिप, शिक्षण विधि र नेपाली भाषा शिक्षणमा अनुसन्धान सम्बद्ध पाठ्यविषयका आधारमा दुईवटा बहुवैकल्पिक प्रश्न, दुईवटा संक्षिप्त उत्तरात्मक प्रश्न र एउटा समस्या समाधानमूलक विस्तृत उत्तरात्मक प्रश्न निर्माण गर्नुहोस् । | **४+ ३+ ३** |
| **९.** विद्यालय तहमा दोस्रो भाषाका रूपमा नेपाली शिक्षणको वर्तमान स्थितिको समीक्षा गर्नुहोस् । विविध भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरू रहेको कक्षामा दोस्रो भाषा शिक्षण गर्दा अपनाउनुपर्ने मुख्य विधिहरूको चर्चा गर्नुहोस् । | **५+ ५** |
| **१०.** माध्यमिक तहमा अध्ययनरत बहुभाषिक विद्यार्थीहरूको नेपाली वाक्य रचनामा विविधता देखिन्छ । यस सन्दर्भमा केन्द्रित भएर कार्यमूलक अनुसन्धान गर्नका लागि उद्देश्य निर्धारण गरी अनुसन्धान ढाँचा प्रस्तुत गर्नुहोस् । | **३+ ७** |

***